नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय**

# प्रेस विज्ञप्ती

## नेपाल बैंक लिमिटेडद्वारा ८४औं बार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान कार्यक्रमको आयोजना

बिक्रम संम्वत् १९९४ कार्त्तिक ३० गते लक्ष्मीपूजाको दिन स्थापनाभई नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेडले देशको ६४ जिल्लामा रहेका आफ्ना १९१ शाखा, १२६ एटिएम तथा ३६ वटा एक्टेन्शन काउण्टर मार्फत् देश र आम नेपालीको बैंकिङ्ग सेवामा समर्पित रहि अत्याधुनिक बैंकिङ्ग सुबिधाहरुउपलब्ध गराउदै आइरहेको छ ।

बैंकले आफ्नो स्थापनाको ८४ औं वर्ष प्रवेशको सुखद् अवसरमा बिभिन्न कार्यक्रमहरुको आयोजना गर्ने क्रममा आज कार्तिक २१ गते बैंकको केन्दीय कार्यालयको प्राङ्गणमा सहायक प्रमुख कार्यकारी अधिकृत श्री प्रकाशकुमार अधिकारीको संयोजकत्वमा गठित अतिरिक्त कृयाकलाप उपसमितिले लायन्स क्लव अफ बैंकर्स तथा नेपाल रेडक्रस सोसाईटीको सहयोगमा बृहत रक्तदान कार्यक्रमको आयोजना गर्यो । उक्त कार्यक्रममा बैंकका कर्मचारी तथा अन्य दाताहरु समेत ८९ जना महानुभावहरुले रक्तदान गर्नुभएको थियो । उक्त रक्तदान कार्यक्रमको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण बहादुर अधिकारीले गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रमुख कार्यकारी अधिकृतज्यूले नेपालको फ्ल्यागशीप बैंकको रुपमा रहेको यस बैंकले आफ्ना आदरणीय ग्राहक महानुभावहरुको अटल विश्वास र भरोसाको उच्च कदर गर्दै सहुलियत पूर्ण तथा प्रतिष्पर्धि ब्याजदरमा कर्जा लगानी गर्दै आउनुका साथै बिभिन्न निक्षेप खाताहरुमा Mobile Banking, Internet Banking, Demat Account, Mero share, C-ASBA र VISA Debit कार्ड निःशुल्क प्रदान गरिएको जानकारी गराउनुभयो ।

८४औं बार्षिकोत्सवका अबसरमा बैंकद्वारा हालसालै संचालनमा आएका १५ तथा कार्तिक ३० गते थप संचालनमा आउने १२ शाखा गरी जम्मा २७ शाखाहरु एवं थप २ एक्स्टेन्सन काउण्टरहरु भर्चुअल माध्यमबाट उद्घाटन गरिने कार्यक्रम रहेको र तत् पश्चात बैंकद्वारा २०३ शाखाहरु तथा ३८ एक्स्टेन्सन काउण्टरहरु मार्फत सेवा प्रवाह गर्नेछ ।

त्यसैगरी बैंकद्वारा ८४औं बार्षिकोत्सवको उपलक्ष्यमा अन्य बिभिन्न कार्यक्रमहरु जस्तै टेलिभिजनमा आर्थिक बहस कार्यक्रम, आर्थिक लेखहरुको बिशेषङ्क प्रकाशन, बैंकको डकुमेण्ट्री प्रसारण लगायतका कार्यक्रमहरु पनि संचालन गर्दैछ ।

धन्यवाद ।

प्रकाशकुमार अधिकारी
प्रवक्ता

मितिः २०७७/०७/२१